# आर्थिक अध्यादेश, २०७९ ले प्रदान गरेको छुट तथा सुविधाहरु (स्कीम) सम्बन्धी व्यवस्था

# कोभिड -१९ को सङ्क्रमणबाट प्रभावित कारोवारमा कर छुट सहुलियत सम्बन्धी विशेष व्यवस्था

(१) ३० लाख रुपैयासम्मको कारोवार वा ३ लाख रुपैयासम्म आय भई आयकर ऐन २०५८ को दफा ४ को उपदफा (४) बमोजिम कर लाग्ने करदातालाई आय वर्ष २०७८/७९ मा लाग्ने करमा ७५ प्रतिशत छुट हुनेछ । (डे ०१ आय विवरण पेश गर्ने करदाता)

(२) आयकर ऐन २०५८ को दफा ४ को उपदफा (४क) बमोजिम कारोवारको आधारमा कर बुझाउने ३० लाख रुपैयादेखि १ करोड रुपैयासम्मको कारोवार भएका करदातालाई आय वर्ष २०७८।७९ मा लाग्ने करमा ५० प्रतिशत छुट हुनेछ ।(डे ०२ कारोवारमा आधारित आय विवरण पेश गर्ने करदाता)

contd.

# क्रमशः

(३) होटल, ट्राभल, ट्रेकिङ चलचित्र व्यवसाय (निर्माण वितरण तथा प्रदर्शन) पार्टी प्यालेस, सञ्चार गृह, (मिडिया हाउस) वा यातायात सेवाको १ करोड रुपैयाभन्दा बढी कारोवार गर्ने वासिन्दा व्यक्तिलाई आय वर्ष २०७८/७९ मा आफ्नो व्यवसायिक उद्धेश्य अनुरुपको आयमा आयकर ऐन २०५८ बमोजिम लाग्ने करमा ५० प्रतिशत छुट हुनेछ । (डे ०३ आय विवरण पेश गर्ने तोकिए बमोजिमको १ करोड भन्दा बढी कारोवार भएको करदाता)

# सूचना प्रविधिमा आधारित कारोवारलाई प्रोत्साहन सम्बन्धी विशेष व्यवस्था

- कुनै वासिन्दा व्यक्तिले आय वर्ष २०७९।८० मा विजनेश प्रोसेस आउटसोर्सिङ सफ्टवेयर प्रोग्रामिङ, क्लाउड कम्प्यूटिङ लगायतका सूचना प्रविधिमा आधारित सेवा प्रदान गर्ने कारोवार गरी सो बापत विदेशी मुद्रा आर्जन गरेमा त्यस्तो व्यक्तिलाई आय वर्ष २०७९।८० मा विदेशी मुद्रामा प्राप्त गरेको आयको हदसम्म आयकर ऐन २०५८ बमोजिमको करयोग्य आयमा १ प्रतिशत मा कर लाग्नेछ ।

(तोकिएको कारोवार गर्ने, आय वर्ष २०७९/८० को हकमा लागु हुने )

# ढुवानी साधनको भाडा बापतको खर्च कट्टी सम्बन्धी विशेष व्यवस्थाः

- ढुवानी सेवा प्रदायक व्यवसायीले आफ्नो व्यवसाय संचालनको लागि आर्थिक वर्ष २०७७।७८ मा स्थायी लेखा नम्बर नभएका प्राकृतिक व्यक्तिबाट ढुवानीका साधन भाडामा लिई त्यस्तो भाडा बापतको रकम भुक्तानी गर्दा आयकर ऐन २०५८ को दफा ८८ को उपदफा (१) बमोजिम अग्रिम कर कट्टी गरी भुक्तानी गरेकोमा सो ऐनको दफा २१ को उपदफा (१) को खण्ड (घ२) बमोजिमको विजक नभएपनि त्यसरी भुक्तानी गरिएको भाडा बापतको रकम सो आय वर्षको करयोग्य आय गणना गर्दा खर्च कट्टी गर्न पाउनेछ ।

(ढुवानी साधनको भाडा बापतको भुक्तानीमा कर कट्टी गरेको हुनुपर्ने, आय वर्ष २०७७/७८ मा मात्र लागु हुने )

# करको दायरामा आउनेलाई कर शुल्क तथा व्याज मिनाहा हुने:

- कुनै व्यक्तिले विगतमा कर लाग्ने आय आर्जन गरेको तर त्यसरी आर्जित आयमा कर नबुझाएको भए त्यस्ता व्यक्तिले स्थायी लेखा नम्बर लिई आर्थिक वर्ष २०७५/७६, २०७६/७७ र २०७७/७८ को आय विवरण र सोमा लाग्ने कर संवत् २०७९ पुष मसान्तसम्म बुझाएमा सो बापत लाग्ने शुल्क तथा व्याज मिनाहा हुनेछ ।
- उपदफा १ बमोजिम आय विवरण र कर बुझाएमा सोभन्दा अघिका आर्थिक वर्षहरुको आय विवरण र सोमा लाग्ने कर शुल्क तथा व्याज मिनाहा हुनेछ ।
- उपदफा १ मा तोकिएको अवधिभित्र आय विवरण र सोमा लाग्ने कर दाखिल नगरेमा सो अवधि व्यतित भएपछि त्यस्तो कर शुल्क तथा व्याज मिनाहा नगरी पूरै असुल गरिनेछ ।

# संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर) करदाताई वक्यौता मूल्य अभिवृद्धि कर छुट सम्बन्धी विशेष व्यवस्था:

(१) मूल्य अभिबृद्धि कर ऐन, २०५२ बमोजिम दर्ता भएका संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर) ले संवत् २०७८ साल चैत्र मसान्तसम्मको आफूले बुझाउनु पर्ने मूल्य अभिबृद्धि र विवरण र सो विवरण बमोजिमको कर र व्याजको ५० प्रतिशत रकम संवत् २०७९ साल पुष मसान्तसम्ममा बुझाएमा मूल्य अभिवृद्धि कर ऐन २०५२ बमोजिम लाग्ने जरिवाना, थप दस्तुर बांकी व्याज मिनाहा हुनेछ ।

(२) उपदफा (१) बमोजिमका करदाताले संवत् २०७८ साल चैत्र मसान्तसम्मको आफूले बुझाउनु पर्ने मूल्य अभिवृद्धि कर विवरण बुझाई कर दाखिला गर्न मात्र बांकी रहेको भएमा बक्यौता कर र व्याजको ५० प्रतिशत रकम संवत् २०७९ साल पुष मसान्तसम्म बुझाएमा मूल्य अभिवृद्धि कर ऐन २०५२ बमोजिम लाग्ने थप दस्तुर र बांकी व्याज मिनाहा हुनेछ ।

# पूर्वानुमानित तथा कारोवारमा आधारित आय विवरण पेश गर्ने करदाताको लागि विशेष व्यवस्था:

(१) आयकर ऐन, २०५८ को दफा ४ को उपदफा (४) तथा (४क) बमोजिम आय विवरण र कर दाखिला गरेका करदाताले आर्थिक वर्ष २०७७/७८ सम्मको आफ्नो कारोवार घोषणा गर्दा वास्तविक कारोवार अंक फरक परेको भएमा त्यस्ता करदाताले संवत् २०७९ साल चैत्र मसान्तभित्र प्रत्येक आर्थिक वर्षको वास्तविक कारोवार घोषणा गरी फरक परेको विक्री रकमको एक दशमलब पाँच प्रतिशत कर दाखिला गरेमा करदाताले घोषणा गरेको हदसम्मको कर अन्तिम हुनेछ ।

(२) आयकर ऐन, २०५८ को दफा ४ को उपदफा (४) तथा (४क) बमोजिम आय विवरण र कर दाखिला गरेका करदाताको आर्थिक वर्ष २०७७/०७८ सम्मको वास्तविक अंक फरक परेको आधारमा संवत् २०७९ साल जेठ १४ सम्म आयकरतर्फ संशोधित कर निर्धारण र मूल्य अभिबृद्धि करतर्फ कर निर्धारण गर्दा कायम भएको विक्री रकमको एक दशमलब पाँच प्रतिशत कर संवत् २०७९ साल चैत्र मसान्तसम्म दाखिला गरेमा वा यस्तो कर निर्धारण उपर चित्त नबुझाई कानुन बमोजिम प्रशासकिय पुनरावलोकन वा अन्य न्यायिक निकायमा पुनरावेदन गरेको करदाताले मुद्धा फिर्ता लिई कर निर्धारण गर्दा कायम भएको थप विक्री रकमको एक दशमलब पाँच प्रतिशत कर दाखिला गरेमा बाँकी कर, थप दस्तुर जरिवाना र शुल्क मिनाहा हुनेछ ।

# अन्तःशुल्क इजाजतपत्रवालाई बक्यौता अन्तशुल्क छुट सम्बन्धी विशेष व्यवस्थाः

(१) अन्तःशुल्क ऐन २०५८ बमोजिम अन्तःशुल्क विवरण पेश गर्नुपर्ने स्वयं निष्काशन प्रणालीमा आधारित इजाजतपत्रवालाले संवत् २०७८ साल चैत्र मसान्तसम्को आफूले बुझाउनुपर्ने अन्तशुल्क विवरण र अन्तःशुल्क नबुझाएको भए उक्त बुझाउनु पर्ने बाँकी अन्तःशुल्क विवरण सो विवरण बमोजिमको अन्तःशुल्क रकम र विलम्ब शुल्क बापतको पचास प्रतिशत रकम संवत् २०७९ साल पुस मसान्त सम्म बुझाएमा अन्तशुल्क ऐन २०५८ बमोजिम लाग्ने जरिवाना र बाँकी बिलम्ब शुल्क मिनाहा हुनेछ ।

(२) उपदफा (१) बमोजिमका इजाजतपत्रवालाले संवत् २०७८ साल चैत्र मसान्तसम्को आफुले बुझाउनुपर्ने अन्तशुल्क विवरण बुझाई अन्तःशुल्क दाखिला गर्न मात्र बाँकी रहेको भएमा वक्यौता अन्तशुल्क र बिलम्ब शुल्क बापतको पचास प्रतिशत रकम संवत् २०७९ साल पुस मसान्तसम्म बुझाएमा अन्तशुल्क ऐन बमोजिम लाग्ने जरिवाना र बाँकी बिलम्ब शुल्क मिनाहा हुनेछ ।

# खोप उद्योग स्थापनाको लागि आवश्यक पर्ने मेसिन तथा उपकरणमा कर छुट सहुलियत सम्बन्धी विशेष व्यवस्था

(१) खोप उद्योग स्थापनाको लागि स्वीकृत स्किम बमोजिम आवश्यक पर्ने मेसिन उपकरणको पैठारीमा आर्थिक वर्ष २०७९/८० मा लाग्ने भन्सार महशुल, अन्तःशुल्क तथा मूल्य अभिबृद्धि कर छुट हुनेछ ।

# धन्यवाद !